दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ७४ | बुटवल | २०८१ फागुन २५, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Mar. 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# प्रधानमन्त्री कप क्रिकेट आजदेखि सबै खेल लुम्बिनी प्रदेशमा





### चैत १६ गतेसम्म चल्ने प्रतियोगिताका सबै खेल प्रदेशका तीन रंगशालामा हुने भएपछि यहाँका क्रिकेटप्रेमी र व्यवसायी समेत उत्साही देखिएका छन् ।






**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा पहिलोपटक प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताका सबै खेल लुम्बिनी प्रदेशमा सुरु हुँदैछन् ।

प्रतियोगिताका ४६ वटा खेलमध्ये भैरहवाको सिद्धार्थ रंगशालामा सबैभन्दा धेरै १७, तिलोत्तमाको एक्ट्राटेक ओभलमा १५ र दाङको लमहीमा १४ वटा खेल हुनेछन् ।

आइतबार सिद्धार्थ रंगशालामा लुम्बिनी प्रदेश र कोशी प्रदेशको बिचमा प्रतिस्पर्धा हुने छ भने एक्स्ट्राटेकमा एपिएफ र बागमती प्रदेश खेल्ने छन् । लमही रंगशालामा सुदूरपश्चिम र कर्णाली प्रदेशका बिचमा खेल हुने नेपाल क्रिकेट संघ लुम्बिनीका अध्यक्ष सञ्जय गुरुङले बताए ।

सबै रंगशालामा प्रतियोगिताका लागि आवश्यक सबै तयारी पूरा भएको उनले बताए ।

चैत १६ गतेसम्म चल्ने प्रतियोगिताका सबै खेल लुम्बिनी प्रदेशका तीन रंगशालामा हुने भएपछि यहाँका क्रिकेटप्रेमी र व्यवसायी समेत उत्साही देखिएका छन् ।

गत संस्करणको प्रधानमन्त्री कपका पनि केही खेल रुपन्देहीमा भएका थिए । यसपटकको प्रतियोगितामा ७ प्रदेश र ३ विभागीय टोली सहभागी छन् । प्रत्येक टोलीले एकअर्कासँग खेल्नेछन् ।

तिलोत्तमाको एक्ट्राटेक ओभल करिब ४५ करोडको लगानीमा बन्दै गरेको नेपालकै अत्याधुनिक क्रिकेट मैदान हो । यो मैदानमा खेल रातिमा समेत खेल्न मिल्ने फ्लड लाइट समेत जडान भैसकेको छ ।

नेपाली क्रिकेट खेलका पूर्व अन्तर्राष्ट्रिय खेलाडी तथा अहिलेका प्रशिक्षक शक्ति गौचनले पहिलो पटक पीएम कपका सबै खेलका लागि लुम्बिनी प्रदेशलाई छान्नुमा तिलोत्तममा बनेको एक्स्ट्राटेक ओभलको पनि योगदान रहेको भन्दै निकै खुसी लागेको बताए ।

नेपाल क्रिकेट संघ लुम्बिनीका अध्यक्ष सञ्जय गुरुङले पहिलो पटक पीएम कप क्रिकेटका सबै खेल लुम्बिनीमा खेलाइनुले क्रिकेटप्रेमी मात्र नभई होटेल तथा पर्यटन व्यवसायीमा समेत उत्साह थपिएको बताए ।

एक महिनासम्म खेलाडी, अफिसियल र प्राविधिकलगायत क्रिकेटप्रेमीको बाक्लो आउजाउ हुने भएकाले जिल्लाको आर्थिक क्षेत्र पनि चलायमान हुने उनले औंल्याए ।

भैरहवाको सिद्धार्थ रंगशालामा क्रिकेट मैदानका अलावा अभ्यास गर्ने ठाउँ र एकेडेमीसमेत छ । नेपालमै जिल्लास्तरमा ५० ओभरको एकदिवसीय म्याच हुने पहिलो रंगशाला हो, सिद्धार्थ रंगशाला । यस रंगशालाबाट करिब १०० जना अन्तर्राष्ट्रिय र २०० भन्दा बढी राष्ट्रिय खेलाडी उत्पादन भएको रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा बताउँछन् ।

तिलोत्तमा नगरपालिका- १७ मा निर्माणाधीन एक्ट्राटेक ओभल निजी क्षेत्रबाट बनेको देशकै पहिलो व्यावसायिक क्रिकेट मैदान हो । २०८० साल जेठ २९ गते शिलान्यास भएको स्टेडियम ०८० फागुनमै खेल्न योग्य मैदान तयार भएर फागुन २८ मा मैदानको उद्घाटनसहित लिजेण्ड्स कप क्रिकेट प्रतियोगिता आयोजना गरी सम्पन्न भएको थियो । एक्स्ट्राटेकका प्रबन्ध निर्देशक विनोद कुँवरले निर्माणाधीन मैदानमा पीएम कपका १५ खेल खेल्नका लागि क्यानले अनुमति दिएकोमा हौसला मिलेको बताए । यो अवसरले आफूलाई स्टेडियम निर्धारित समयभन्दा छिट्टै पूरा गर्न आत्मबल बढेको कुँवर बताउँछन् ।

नेपाल क्रिकेट संघ लुम्बिनी प्रदेशका सचिव तथा देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट मैदानका संयोजक कैलाश रोकाले लमही नगर विकास समितिले आफ्नो झन्डै १० करोडको लगानीमा लमहीमा क्रिकेट मैदान निर्माण गरेको बताए । लामो समय प्रतियोगिता नभएको रंगशालामा पछिल्लो चरणमा राष्ट्रियस्तरका प्रतियोगिता नियमित हुन थालेका उनले बताए ।

तिलोत्तमाका क्रिकेटर देव खनालले घरेलु मैदानमा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीको प्रदर्शन हेरेर नयाँ पुस्ताका क्रिकेट खेलाडीले धेरै कुरा सिक्न पाउने बताए । खनाल पीएम कपका लागि लुम्बिनी प्रदेशको टोली कप्तान हुन् ।

## राजावादीको सक्रियताले माओवादीको अभियान स्थगित

बुटवल । नेकपा माओवादी केन्द्रले सञ्चालन गरिरहेको ‘जनतासँग माओवादीः तराई-मधेस जागरण अभियान’ केही समय स्थगित गर्ने निर्णय गरेको छ । फागुन महिनाभरका लागि अभियान कार्यक्रम स्थगित गर्ने निर्णय भएको एक नेताले बताए ।

राजावादी गतिविधि बढिरहेको अवस्थामा उनीहरूको गतिविधिलाई चुनौती दिने गरी संसदीय र अन्य मोर्चामा पार्टीलाई सक्रिय राख्न हाललाई अभियान स्थगित गर्ने निर्णय भएको माओवादी नेताको भनाइ छ । शनिबार रौतहटमा भएको कार्यक्रम पछिका अभियानलाई भने केही समय स्थगित गरेर संसदीय मोर्चामा सक्रिय रहँदै राजावादी शक्तिहरूको गतिविधिलाई चिर्ने गरी पार्टी लाग्ने माओवादीको भनाइ छ ।

यसअघि पूर्वनिर्धारित कार्यक्रम अनुसार बारामा फागुन २५, पर्सामा फागुन २६, चितवनमा फागुन २७ गते अभियान सञ्चालन हुने तय भएको थियो ।

यस्तै नवलपुर (नवलपरासी पूर्व) मा चैत्र २, परासी (नवलपरासी पश्चिम)मा चैत्र ३, रुपन्देहीमा चैत्र ४, कपिलवस्तुमा चैत्र ५, दाङमा चैत्र ६, बाँकेमा चैत्र ७ र बर्दियामा चैत्र ८ गते अभियान सञ्चालन हुने तय भएको थियो ।

यस्तै कैलालीमा चैत्र ११ गते र कञ्चनपुरमा चैत्र १२ अभियान सञ्चालन भएर सकिने तय भएको थियो । यी सबै कार्यक्रम अब कहिलेदेखि सुरु गरेर कहिले सक्ने भन्नेबारे केन्द्रीय कार्यालयले छिट्टै मिति तय गर्ने ती नेताको भनाइ छ ।

माओवादीले फागुन १२ गते झापाबाट अभियान सुरु गरेको थियो । पछिल्लो समय राजावादीहरूले आफ्नो गतिविधि बढाउँदै लगेका छन् । आइतबारका लागि राजावादीहरूले पोखराबाट काठमाडौं फर्किंदा पूर्वराजा ज्ञानेन्द्र शाहलाई भव्य स्वागत गर्ने तयारी गरेका छन् ।

## ‘ग्रील व्यवसायीका समस्यामा सरकार उदासीन’




बुटवल । ग्रील तथा स्टिल व्यवसायीहरुले आफ्ना मागप्रति तीनै तहका सरकार उदासीन हुँदा व्यवसाय संकटमा परेको गुनासो गरेका छन् ।

ग्रील तथा स्टिल व्यवसायी महासंघ लुम्बिनी प्रदेशको प्रथम साधारणसभामा बोल्दै व्यवसायीहरुले सरकारले व्यवसायीका समस्या समाधानमा बेवास्ता गरेको गुनासो गरेका हुन् । महासंघका केन्द्रीय अध्यक्ष ठूलोबाबु श्रेष्ठले सरकारले स्वदेशमै रोजगारीका अवसर सिर्जना नगर्दा युवा पलायनले कामदार अभाव भएको, ग्रीलजन्य फलामको मनपरी मूल्यवृद्धि हुने गरेको, ग्रील जोनका लागि जग्गा व्यस्था नहुँदा थुप्रै समस्या भोग्नुपरेको बताए । देशभर ११ हजार व्यवसायी र २ लाख कामदार रहेको ग्रील व्यवसायीलाई विद्युत् महसुलमा छुट हुनुपर्ने श्रेष्ठले माग गरे ।

महासंघका लुम्बिनी प्रदेश अध्यक्ष अशोक बर्माले रोल्पा र रुकुम बाहेक १० जिल्लामा संगठन विस्तार भएको जानकारी गराउँदै बिना दर्ता घर घरमा औजारसहित पुगेर अवैध व्यवसाय गर्नेलाई करको दायरामा ल्याउन माग गरे । उनले छड सिमेन्ट बाहेक फलामजन्य सामान खरिदमा भ्याटमा दर्ता भएको फर्म अनिवार्य गर्न माग गरे । यसो गर्दा सरकाररलाई राजस्व वृद्धि हुने, अवैध रूपले काम गरेका मजदुर वैध व्यवसायमा आउने बताए ।

उनले प्रदेशका एक हजार व्यवसायी मिलेर प्रति व्यवसायी एक लाख शेयरका दरले एक अर्ब लगानीमा कम्पनी स्थापना गरेर ग्रील व्यवसायलाई आवश्यक कटिङ्ग व्हील, वेल्डिङ मेसिन, ग्रेन्डर मेसिन, ड्रिल मेसिन आफैं उत्पादन गरी देश व्यापी बिक्री वितरण गर्ने योजना रहेको जनाए । यसले मेशिन खरिदमा वर्षेनी विदेश जाने करोडौं रकम स्वदेशमै रोकिने उनले बताए ।

कार्यक्रममा महासंघका लुम्बिनी उपाध्यक्ष ओमबहादुर ओली, महासचिव रामप्रसाद पाण्डे, प्रदेशका विभिन्न जिल्लाबाट आएका पदाधिकारीलगायतले व्यवसायिक हक हितका लागि एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए ।



# सम्पादकीय

## गुठी पीडित किसानको पीडा

स्वर्गद्वारी गुठी पीडित किसानले काठमाडौं केन्द्रित आन्दोलन सुरु गरेको एक महिना नाघेको छ। उनीहरुको यो आन्दोलन पहिलो होइन। गत वर्ष पनि उनीहरुले आफ्ना माग राख्दै आन्दोलन गरेका थिए। मोही किसानले जोतभोग गर्दै आएको जमिन मोहीको नाममा रैतानी हुने कानुनी व्यवस्था गर्न, विशेष प्रकृतिको निजी भनिएको गुठी जग्गाका निस्काशित मोहीको हक पुनःस्थापित गर्न र किसानले बुझाउनुपर्ने रैतानी बापतको तिरो वडामार्फत् बुझाउने व्यवस्था गर्न उनीहरुले राखेको मागलाई बेवास्ता गरेर सरकारले गल्ती गरेको छ।

वर्षौंदेखि जोतभोग गर्दै आएको जमिनको स्वामित्व पाउनुपर्ने माग गर्दै किसानले आन्दोलन गर्ने र सरकारले पूरा गर्ने वाचाले मात्रै समस्याको समाधान हुँदैन। किसानको आन्दोलन स्थगित गराउन सहमति गर्ने तर पूरा नगर्ने सरकारको नियत बेठिक छ।

किसानले अघि सारेका माग पूरा गर्न गुठीसम्बन्धी ऐन बनाउनुपर्छ। संवैधानिक व्यवस्थाअनुसार सरकारले गुठीसम्बन्धी ऐन बनाउन पहलकदमी लिएको छैन। सरकारी उदासिनताले नै हो, नागरिकले आक्रोश सडकमा पोख्ने। २०७५ बैशाखमा गुठी जग्गासम्बन्धी समस्या सम्बोधन गर्न तत्कालीन केपी ओली नेतृत्वको सरकारले गुठी विधेयक संसदमा पेस गरेको थियो। संविधानको मर्मलाई समातेर ल्याइएको उक्त विधेयकले गुठी जमिनका मूल समस्या समाधान गर्ने बाटो समातेको थियो। तर गुठी विधेयकलाई ओली सरकारको विरोध गर्ने औजारका रुपमा दुरूपयोग भयो। तत्कालीन प्रतिपक्ष नेपाली कांग्रेससहितका राजनैतिक दलहरुले चर्को विरोधले विधेयक अघि बढ्न सकेन। सरकारले विधेयक फिर्ता लियो। गुठी विधेयक अघि बढाएर कानुन बनाउने र मोही किसानका समस्या समाधान गर्न अहिले राम्रो अवसर छ। एमाले-कांग्रेसको बलियो सरकार छ। सरकारले महत्वपूर्ण कानुन बनाउन संसदलाई गतिशील बनाउन पहलकदमी लिनसक्छ।

संविधानको धारा २९० मा गुठीसम्बन्धी व्यवस्था छ। यहाँ गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानुन बनाउने र गुठीसम्बन्धी अन्य व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख छ। यो व्यवस्थाअनुसार कानुन बनाउन सरकार चुक्दा अहिले किसान सडकमा आउन बाध्य भएका हुन्। शासन प्रणाली व्यवस्थित हुने कानुन निर्माण र कार्यान्वयनले हो। कानुन निर्माण नगर्ने प्रवृत्तिले शासन प्रणाली कमजोर हुन्छ।

संसदबाट छिटो कानुन बनाउन सक्दा मात्रै गुठी किसानका समस्या समाधान हुन सक्छन्। स्वर्गद्वारी गुठी पीडित किसानलाई आश्वासन र सहमति पत्र होइन्, समस्या समाधान हुने कानुन चाहिएको छ। संसद कानुन बनाउने थलो हो। यसले कानुन निर्माणमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ। अधिकार खोज्दै सडकमा निस्केका किसान लामो समय आन्दोलनमा लाग्दा बिरामी हुन थालेका छन्। उनीहरुको शान्तिपूर्ण आन्दोलनप्रति बेवास्ता गर्दा आक्रोश बढ्न सक्छ। समस्या समाधानको इमान्दार पहल र सहमति गरी आन्दोलनमा उत्रेका किसानलाई घर फर्कने वातावरण बनाउनुपर्छ।

# युद्ध तरङ्ग र वैश्विक भाइचारा



डा.शोभाकर पराजुली

*'महाशक्ति' भएर अमेरिकी प्रभुत्वको पुनर्जन्म गराउने सोचका साथ दोस्रो पटक राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प यतिबेला आफ्ना निर्णय र आदेशका कारण जति चर्चामा हुनुहुन्छ, त्योभन्दा धेरै विश्वमा भय अनि अन्योलपूर्ण तरङ्ग छाएका छन्। आप्रवासीसम्बन्धी ट्रम्पका कतिपय आदेश र नीतिले विश्वका सबै देश प्रभावित भएका छन्। अमेरिकामा धेरै नेपाली पनि छन्। धेरै आप्रवासी नेपाली त्यहाँ अवैधानिक रूपमा रहेको भन्ने पनि छ। अमेरिकाले पहिलो चरणमा डिपोर्ट गर्ने लाखौं आप्रवासीको सूचीमा एक हजार तीन सय नेपाली यसअघि नै सूचीकृत भइसकेका छन्। त्यसमध्ये भर्खरै मात्र आठ नेपालीलाई अमेरिकी चार्टर विमानले नेपाल ल्याएर छोडिदिएको छ। ट्रम्पको आदेशअनुसार बिस्तारै आप्रवासी नेपाली डिपोर्ट हुने पक्कापक्की छ।*





केही दिनअघि ह्वाइट हाउसबाट प्रसारित एउटा दृश्यले सारा विश्वभरि तरङ्ग ल्यायो। त्यसले कतिपय शक्तिराष्ट्रको ध्यान मात्रै खिचेन बरु वैश्विक ध्रुवीकरणलाई झन् बाक्लो बनायो। सँगसँगै 'शक्तिहीन' र 'क्षीण' भइरहेका राष्ट्रलाई आफ्नो स्वाभिमान र अभिमानले बेस्सरी चिमोट्यो।

दृश्य थियो, अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसको। जो संसारकै शक्तिकेन्द्र मानिन्छ। त्यो दृश्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भेन्सले युक्रेनका राष्ट्रपति भ्लादिमिर जेलेन्स्कीलाई च्याखच्याख्ती पारिरहेको देख्न सकिन्छ। संसारभरि त्यसलाई अमेरिकाको अपमानपूर्ण व्यवहार भएको भन्दै आलोचना पनि भएको छ। त्यो दृश्यपछि तत्कालै युक्रेनको पक्षमा अमेरिकामै विशाल प्रदर्शन पनि भएका छन्।

खास गरी युक्रेनलाई अमेरिकाले नै ह्वाइट हाउसमा निम्तो गरेको थियो। युक्रेनी भूमिमा रहेका केही दुर्लभ अनि बहुमूल्य खनिज पदार्थमा सम्झौता गर्नका लागि युक्रेनी राष्ट्रपति जेलेन्स्की पनि अमेरिकी निम्तो स्विकार्दै ह्वाइट हाउस पुग्नुभएको थियो। ह्वाइट हाउस छिर्नुअघि नै जेलेन्स्कीलाई पत्रकारले 'ड्रेसअप' को कुरा सोधेर निकै अपमान गरे। "सुट किन नलगाएको ?" अनि "तपाईंसँग एउटा पनि सुट छैन ?" जस्ता होच्याउने खालका प्रश्न सोधेर पत्रकारले उहाँलाई पहिला नै 'डोमिनेट' गरिसकेका थिए। ह्वाइट हाउसको मुख्यद्वारमा स्वागत गर्दै ट्रम्पले पनि पत्रकारकै भाषामा जेलेन्स्कीलाई त्यही प्रश्न गर्नुभयो। त्यसपछि बैठक कक्षको दृश्य त अहिले सारा विश्वका मान्छेका हात हातमा छ।

अपमान र लज्जापूर्ण व्यवहारपछि जेलेन्स्की सिधैँ बेलायत पुग्नुभयो। त्यहाँ उहाँले न्यानो स्वागत पनि पाउनुभयो। त्यो घटनापछि अमेरिकाले युक्रेनलाई दिँदै आएको सैन्य सहायता बन्द गर्ने निश्चित थियो र भयो पनि त्यस्तै। बेलायतले युक्रेनलाई तत्कालका लागि केही सैन्य सहायता दिने घोषणा पनि गरेको छ। ह्वाइट हाउसको त्यो घटना 'अमेरिका-युक्रेन' सम्बन्धमा सीमित रहेन। बरु त्यसले सिङ्गो युरोपलाई एउटा ध्रुवमा ल्यायो। तत्कालै बेलायती प्रधानमन्त्री कियर स्टार्मरले युरोपेली नेताहरूको बैठक बोलाएर युक्रेनमाथि छलफल गर्नुभयो र शान्तिका लागि आह्वान पनि गर्नुभयो। यद्यपि चुनावताका नै रुस-युक्रेन युद्ध रोक्ने वाचा गरेका ट्रम्पले त्यसको सुरुवात पनि गर्नुभएको छ। रुसका अधिकारीसँग साउदी अरबमा वार्ता गरेर उहाँले शान्ति स्थापनाको प्रयास थाल्नुभयो। नियत जे जस्तो भए पनि युक्रेनसँग गर्ने भनिएको खनिज सम्झौता शान्ति स्थापनाको एउटा अमेरिकी सर्त थियो। युक्रेनले आफू अपमानित भएको महसुस भएपछि त्यो सम्झौता हुन सकेन। रुस-युक्रेन युद्ध मैदानमा शान्तिको परिकल्पना पनि अनिश्चित भएको छ। यसबिचमा बेलायत तथा फ्रान्सलगायत देशको अगुवाइमा शान्ति स्थापनाको पहल गर्ने गरी युरोपियन युनियनले निर्णय गरेको देखिन्छ। युक्रेनले पनि शान्तिका लागि तयार भएको भनेर आफ्नो प्रस्टीकरण दिइरहेको छ। आजको खुला विश्वमा कुनै पनि राष्ट्रले सायदै युद्ध चाहन्छ। जब उसको स्वाभिमान र स्वतन्त्रतामाथि आँच आउन थाल्छ अनि त्यो बेला युद्ध पनि एउटा विकल्पका रूपमा अघि आउन सक्छ। युद्ध सर्वथा गलत हो। यसले विनाशभन्दा अर्थोक केही निम्त्याउँदैन। शक्तिराष्ट्रले अन्य राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता सम्मान उसको सुरक्षामा सम्मानपूर्ण व्यवहार आवश्यक छ। यसैबाट वैश्विक मेलमिलाप र वैश्विक भाइचारा स्थापित हुन्छ। अनि विश्वशान्तिको सुरुवात हुन सक्छ।

तीन वर्षअघिदेखि रुसले युक्रेनमाथि आक्रमण सुरु गरेको थियो। त्यो लडाइँ अहिले पनि जारी छ। यो तीनबर्से लडाइँका दौरान युक्रेनले युद्धको यति चर्को मूल्य चुकाउनु परेको छ कि उसको राष्ट्रिय इतिहासमा आगामी पुस्तासम्म पनि त्यसको परिपूर्ति सायदै गाह्रो देखिन्छ। रुस-युक्रेन युद्ध यी दुई देशमा मात्रै सीमित रहेन। सारा विश्वलाई कुनै न कुनै रूपमा अहिले पनि कतै न कतै दुखिरहेको छ। युरोप भनेको पूरै विश्व आपूर्ति चक्रको एउटा मध्यभूमि हो। जहाँबाट विश्व बजार अनि विश्व अर्थतन्त्र पनि सञ्चालन हुन्छ। भर्खरै कोरोना महामारीबाट तङ्गिन थालेको विश्वमा त्यही युद्धले थप बिथोलिदियो। त्यो युद्धका कारण अस्तव्यस्त भएको आपूर्ति चक्रले पूरै विश्व बजारमा असर पर्‍यो। कतिपय राष्ट्रको अर्थतन्त्र नै डामाडोल भयो। युरोप अहिले पनि महँगीको चर्को मारले थिचिइरहेको छ। नेपाल जस्ता राष्ट्रलाई पनि त्यसको प्रत्यक्ष मार पर्‍यो। नेपाल र अझ ८० प्रतिशतभन्दा वस्तु र सेवा आयातमा निर्भर राष्ट्र हो। यति मात्रै होइन, यो युद्ध अर्थात् रुस-युक्रेन युद्धमा प्रत्यक्ष पनि गाँसियो। सरकारले अनुमति नदिए पनि लुकिछिपी रुसी सेनामा भर्ना भएका दर्जनभन्दा धेरै नेपाली युवाको ज्यान गएको छ। कैयौँ घाइते भएका छन्। कैयौँ बेपत्ता छन्। अहिले पनि रुसी सेनामा भर्ना भएका नेपालीको अवस्था परिवारले समेत थाहा नपाएको अवस्था छ। कुनै देशको युद्धले मात्रै युद्धरत पक्षलाई मात्रै असर गरेको हुन्न बरु त्यसले टाढा टाढाका देशमा पनि प्रभाव पारिरहेको हुन्छ। यो मात्रै होइन, इजरायल-हमास युद्धमा पनि १० भन्दा बढी नेपालीले ज्यान गुमाउनु पर्‍यो। हमासको नियन्त्रणमा रहेका भनिएका विपिन जोशीको अवस्था दुई वर्षदेखि अज्ञात छ।

नेपाल आफैँमा असंलग्न राष्ट्रको पक्षधर देश हो। त्यसैले नेपाल विश्वमा हुने यस्ता र सबै प्रकारका युद्ध र लडाइँबाट टाढा नै रहन्छ। यही पञ्चशील सिद्धान्तमा हाम्रा परराष्ट्र नीति छन्। त्यसैले युद्ध अनि लडाइँका दौरान नेपालले कसैको पनि समर्थन वा विरोध गर्न सक्दैन। आफ्नो राष्ट्र र राष्ट्रमाथि नै युद्धका बाछिटा पर्न थालेपछि भने नेपाल जस्ता राष्ट्रले अन्तर्राष्ट्रिय मञ्चमार्फत कूटनीतिक पहल पनि थाल्नु पर्छ। यद्यपि युद्धको सुरुवातमा नेपालले युक्रेनको समर्थन गरेपछि त्यसबारे अनेक टीकाटिप्पणी पनि आए तर एउटा सार्वभौम राष्ट्रले अर्को देशको स्वतन्त्रता अनि सार्वभौमिकताको सम्मान गर्नु अस्वाभाविक होइन।

अहिले अमेरिकाको आलोचना भएको एउटा कारण त्यो पनि हो। कुनै पनि राष्ट्रले आफ्नो शक्तिको आडमा अर्को कुनै राष्ट्रको स्वतन्त्रता अनि सार्वभौमिकतामाथि आघात पुऱ्याउनुहुन्न। भूगोल अनि अर्थतन्त्रका आधारमा हरेक देशका आआफ्नै विशेषता हुन्छन्। कोही धनी हुन्छन्, कोही गरिब हुन्छन्। कोही देश ठुला हुन्छन्, कोही साना हुन्छन् तर स्वतन्त्रता अनि सार्वभौमिकता भनेको सबैका लागि उत्तिकै बराबरी हुन्छन्। अर्को राष्ट्रले कुनै व्यक्तिलाई होइन, त्यो राष्ट्रको त्यही सार्वभौमिकता र स्वतन्त्र अस्तित्वलाई सम्मान गर्ने हो। यही नै वैश्विक भाइचाराको एउटा आधार हो।

'महाशक्ति' भएर अमेरिकी प्रभुत्वको पुनर्जन्म गराउने सोचका साथ दोस्रो पटक राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प यतिबेला आफ्ना निर्णय र आदेशका कारण जति चर्चामा हुनुहुन्छ, त्योभन्दा धेरै विश्वमा भय अनि अन्योलपूर्ण तरङ्ग छाएका छन्। आप्रवासीसम्बन्धी ट्रम्पका कतिपय आदेश र नीतिले विश्वका सबै देश प्रभावित भएका छन्। अमेरिकामा धेरै नेपाली पनि छन्। धेरै आप्रवासी नेपाली त्यहाँ अवैधानिक रूपमा रहेको भन्ने पनि छ। अमेरिकाले पहिलो चरणमा डिपोर्ट गर्ने लाखौँ आप्रवासीको सूचीमा एक हजार तीन सय नेपाली यसअघि नै सूचीकृत भइसकेका छन्। त्यसमध्ये भर्खरै मात्र आठ नेपालीलाई अमेरिकी चार्टर विमानले नेपाल ल्याएर छोडिदिएको छ। ट्रम्पको आदेशअनुसार बिस्तारै आप्रवासी नेपाली डिपोर्ट हुने पक्कापक्की छ।

यति मात्रै होइन, पछिल्लो पटक अमेरिकी राष्ट्रपतिकै निर्णय अनुसार चीन, क्यानडा र मेक्सिकोलगायतका देशमाथि चर्को कर लगाउने व्यवस्था सुरु भएको छ। यसले विश्वमा फेरि अर्को भयानक तरङ्ग पैदा गरेको छ। यसबाट शक्तिराष्ट्रबिच व्यापार अनि कर युद्ध सुरु हुने निश्चित छ र यस्ता अप्रत्यक्ष युद्धबाट प्रत्यक्ष पिरोलिने भनेको नेपाल जस्ता राष्ट्र नै हुन्। यद्यपि अहिले अमेरिकाको सिधा टक्कर विश्वका त्यस्ता शक्तिराष्ट्रसँग छ जसले अमेरिकी अस्तित्व अनि प्रभुत्वलाई चुनौती दिन थालेका छन्। त्यसको असर कुनै न कुनै रूपमा नेपाल जस्ता देशमा परिहाल्छ, यो स्वाभाविकै हो।

नेपाल आफैँमा एक भूपरिवेष्ठित राष्ट्र हो। नेपालको आफ्नै अस्तित्व छ, स्वतन्त्र छ, सार्वभौम छ। तथापि भौगोलिक र सामरिक राजनीतिबाट नेपाल अलग भने रहन सक्दैन। यसका छिमेकका वारिपारि दुई शक्तिशाली राष्ट्र छन्। ती देशका पनि आफ्नै प्रकारका प्रतिस्पर्धा छन्। त्यसकारण पनि छिमेकका प्रभाव पक्कै नेपालमा रहन्छ। यसअघिका घटना परिघटनाबाट पनि छिमेकमा हुने अनेक किसिमका तरङ्गले नेपाललाई छोइरहेको इतिहास छ। त्यसैले यस्तो बेलामा नेपाल जस्ता राष्ट्रको भूमिका पनि अलग किसिमको हुनु पर्छ। यतिबेला हाम्रो जस्तो देशले निकै संयम र शालीन भएर वैश्विक कूटनीति अवलम्बन गर्नुपर्ने अवस्था छ।

गोपबाट

# मुखको ब्याक्टेरियाले अल्जाइमरबाट बचाउन सक्छ ?

मुखको ब्याक्टेरियाले मस्तिष्कमा हुने समस्या अल्जाइमरबाट बचाउन सक्छन्। यस्तै, दाबी गर्छन्, विज्ञ।

अल्जाइमर रोग एक 'न्यूरोडिजेनेरेटिभ'अवस्था हो। जसमा मस्तिष्कका कोषिकाहरुमा ह्रास हुन थाल्छन्। यसले स्मृति, सोच्ने क्षमता र दैनिक क्रियाकलापहरूमा कठिनाइ ल्याउँछ।

एक्सेस्टर विश्वविद्यालयका विज्ञका अनुसार मानिसको मुखमा यस्ता केही ब्याक्टेरिया छन् जो बढ्दो उमेरसँगै मस्तिष्कमा भईरहेको परिवर्तनको कारक बन्न सक्छन्।

अध्ययनकर्ता डा. जोआना एल ह्युरेक्स भन्छिन्- 'एक्सेस्टर विश्वविद्यालयले गरेको एक शोधका क्रममा यस्तो प्रकारका ब्याक्टेरिया पत्ता लागेका छन्, जसको सम्बन्ध उत्कृष्ट स्मरणशक्ति र चेतनासँग रहन्छ, जबकि धेरै अरु ब्याक्टेरियाहरु कमजोर मस्तिष्क तथा अल्जाइमर रोगसँग सम्बन्धित हुन्छन्। अल्जाइमर जिनका बारेमा तपाईं यसको समस्याबाट ग्रसित हुनु वा त्यसको जाँचका लागि डाक्टरसँग जानुअघि नै बताउन सक्छौँ।'

हाल यो अध्ययन सुरुवाती चरणमा छ। तर, यस अध्ययनको नेतृत्व गर्ने अनुसन्धानकर्ताहरु अर्को अनुसन्धानमा लागेका छन्। उनीहरु नाइट्रेडले भरिएका कुनै हरियो सागपात जस्ता स्वस्थ खानेकुराबाट ब्याक्टेरियाको संख्या बढाएर मस्तिष्कको स्वास्थ्यलाई प्रभावित गराउन सक्ने सम्भावना बारे खोज गरिरहेका छन्।



**नाइट्रेट किन ?**

यस खोजकी सह-लेखिका प्राध्यापक एन कार्बेट भन्छिन्,'हाम्रो खोजमूलक अध्ययनको अर्थ निकै नै गहन छ। केही ब्याक्टेरियाहरु मस्तिष्कजन्य काममा सहायक हुन्छन्, केही चाहि हुँदैनन्। यस्तोमा उपचारमा मस्तिष्कजन्य काममा सहायक हुने ब्याक्टेरियामा परिवर्तन गरी मुखबाटै डिमेन्सियालाई पनि रोक्न सकिन्छ। खानपानमा परिवर्तन, प्रोबायोटिक्स, मुखको स्वास्थ्य तथा लक्षित उपचारका माध्यमबाट यो सम्भव हुनसक्छ।'

यस खोजमा ५० वर्षभन्दा धेरै उमेर समूहका १ सय १५ जना मानिसहरुलाई सहभागी बनाइएको थियो। उनीहरुको मस्तिष्कको अवस्थाको परीक्षण पहिले नै एउटा अर्को परियोजनाका लागि गरिएको थियो।

शोधकर्ताहरुले उनीहरुलाई दुई समूहमा विभाजन गरेका थिए। एउटा समूहमा त्यस्ता मानिसहरुलाई राखियो जसमा कुनै मस्तिष्कजन्य समस्या थिएन। जबकि दोश्रो समूहमा चाहीँ मस्तिष्क सम्बन्धी हल्का समस्या भएकाहरुलाई सामेल गरियो।

केही ब्याक्टेरियाहरु मस्तिष्कजन्य काममा सहायक हुन्छन् र केही चाहि हुँदैनन्। यस्तोमा उपचारको रुपमा ब्याक्टेरियामा परिवर्तन गरी मुखबाटै डिमेन्सियालाई पनि रोक्न सकिन्छ। खानपानमा परिवर्तन, प्रोबायोटिक्स, मुखको स्वास्थ्य तथा लक्षित उपचारका माध्यमबाट यो सम्भव हुन्छ।

दुवै समूहका मानिसहरुलाई मुख कुल्ला गर्न लगाएर त्यसको नमूना संकलन गरियो र त्यसमा प्राप्त ब्याक्टेरियाको अध्ययन गरियो।

विश्वविद्यालयका अनुसार मुखमा नाइसिरिया तथा हेमोफिलस समूहका ब्याक्टेरिया धेरै संख्यामा रहेका व्यक्तिहरुमा स्मरणशक्ति, सतर्कता तथा जटिल कार्यहरु गर्ने क्षमता अब्बल रहेको पाइयो।

त्यस्तै, स्मरणशक्ति कम हुने समस्या रहेका मानिसहरुमा पोर्फिरोमोनस ब्याक्टेरियाको संख्या अधिक पाइयो। प्रिवोटेला समूहका ब्याक्टेरियाहरु कम नाइट्रेटसँग सम्बन्धित हुन्छन्। अल्जाइमर रोगबाट पीडित मानिसहरुमा यो सामान्य रुपमा पाइन्छ।

डा. एल ह्युरेक्स भन्छिन्, 'अल्जाइमरबाट बच्न दैनिक हामी मानिसहरुलाई चुकन्दर, पालुंगो, हरिया सागसब्जी तथा पर्याप्त सलाद खान र अल्कोहल तथा अधिक चिनीयुक्त खानेकुरा कम खान सल्लाह दिन्छौँ।'

हरिया सागसब्जीहरु नाइट्रेटको सबैभन्दा ठूलो प्राकृतिक श्रोत हो।

**हरी पत्तीदार सब्जियां**

शोधकर्ता तथा प्राध्यापक एनी वानहातालो भन्छिन्- 'भविष्यमा जब कुनै बिरामी चिकित्सकको परामर्शका लागि आयो भने उसको मुखबाट नमूना लिन सकिनेछ। ताकि, त्यसको परीक्षण गरेर उसलाई डिमेन्सिया तथा अल्जाइमरको जोखिम रहे नरहेको पत्ता लगान सकिन्छ।'

-बीबीसीबाट



**दाउराको जोहोः**

११५ औँ अन्तरराष्ट्रिय महिला दिवसका दिन शनिबार दाङको घोराही उप-महानगरपालिका-१८ स्थित अम्बापुरका स्थानीय महिला घरायसी प्रयोजनका लागि जङ्गलबाट दाउरा ल्याउँदै । दाउरा खाना पकाउन, गाईवस्तुलाई कुँडो पकाउन प्रयोग गरिन्छ । *तस्विरः कुलदीप न्यौपाने/रासस*

# स्थानीय तहले स्थानीय सञ्चारमाध्यम प्रवर्द्धन गर्नुपर्ने



नवलपरासी। स्थानीय तहले स्थानीय सञ्चारमाध्यमलाई प्रवर्द्धन गर्नुपर्ने एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् । नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति नवलपरासीले बर्दघाटमा पत्रकारहरुका लागि आयोजना गरेको प्रवर्द्धनात्मक कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले उक्त कुरामा जोड दिएका हुन् । पछिल्लो समय सञ्चार क्षेत्रलाई हेर्ने दृष्टिकोण कमजोर भएका कारण सञ्चार संस्थाहरु बन्द हुने अवस्थामा पुगेकाले स्थानीय सरकारले स्थानीय सञ्चार संस्थाहरुलाई प्रवर्द्धन गर्ने गरी बजेट बिनियोजन गर्न आग्रह समेत गरेका छन् ।

कार्यक्रममा बर्दघाट नगरपालिकाका नगरप्रमुख शम्भुलाल श्रेष्ठले समाजलाई सहि दिशातर्फ र जनप्रतिनिधि तथा कर्मचारीमा सुशासन कायम गर्नका लागि पत्रकारको अहम भूमिका रहेको बताएका छन । उनले सञ्चारकर्मीलाई निष्पक्ष रुपमा कलम चलाउन समेत आग्रह गरे । नगरप्रमुख श्रेष्ठले जनप्रतिनिधि तथा कर्मचारीले बाटो बिराएको खण्डमा सजग गराउन सञ्चारकर्मीले कलमका माध्यमबाट सुझाव सल्लाह दिनुपर्ने आग्रह गरे ।

यस्तै नेपाल पत्रकार महासंघ नवलपरासीका अध्यक्ष केशव पराजुलीले पत्रकारहरुका लागि प्रवर्द्धनात्मक कार्यक्रमले नवलपरासीको पत्रकारिता जगतमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे । उनले नगरपालिकाले गरेका विकास निर्माणका काम र आगामी दिनमा गर्ने क्रियाकलापहरुलाई पनि यस्ता कार्यक्रमले सम्बोधन गर्ने बताए । बिगतदेखि नै बर्दघाट नगरपालिकाले महासंघलगायत विभिन्न सञ्चारगृह तथा सञ्चार क्षेत्रमा लगानी गरेकोले यसलाई पूर्णरुपमा सदुपयोग गर्न आग्रह समेत गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ नवलपरासीका निवर्तमान अध्यक्ष हरि शर्माले पत्रकारले सही र तथ्यसहित समाचार लेख्न आग्रह गर्दै समाचार लेखेकै आधारमा पत्रकार आलोचित हुनुपरेकोले आफ्ना कलमलाई परिष्कृत गरी चलाउन सबैमा आग्रह गरे ।

महासंघका सल्लाहकार समेत रहेका शर्माले मिडियालाई हेर्ने दृष्टिकोण कमजोर भएका कारण मिडियाहरु बन्द हुने अवस्थामा पुगेको बताउँदै स्थानीय सरकारले स्थानीय मिडियालाई प्रवर्द्धन गर्ने गरी बजेट छुट्याउन आग्रह गरे ।

बर्दघाट नगरपालिकाको उप-प्रमुख रुद्र प्रकाश उपाध्याय, बर्दघाट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रकाश खनाल, रेडियो परासीका अध्यक्ष राजकुमार रेश्मी, प्रेस नेपाल पत्रकार महासंघका सचिव अनिल यादव नेपाल प्रेस युनियन नवलपरासीका अध्यक्ष उमेश बि.क महासंघकी उपाध्यक्ष उर्मिला यादवलगायतले सञ्चार क्षेत्रका समस्या र सञ्चारको महत्वमाथि प्रकाश पारेका थिए ।

उक्त कार्यक्रमको सहजीकरण बर्दघाट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख माधव ज्ञवाली र पुष्कर काफ्लेले गरेका थिए । नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति नवलपरासीका अध्यक्ष केशव पराजुलीको अध्यक्षता तथा बर्दघाट नगरपालिकाका नगर प्रमुख शम्भु लाल श्रेष्ठको प्रमुख आतिथ्यतामा बर्दघाटमा पत्रकारहरुका लागि प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएको हो ।

# बस्ती संरक्षणका लागि तटबन्धन

ढोरपाटन । बागलुङको गलकोटमा बस्ती संरक्षणका लागि दरमखोला र गौदीखोलामा तटबन्धन गर्न थालिएको छ। बर्खाको समयमा खोला उर्लिएर आउँदा गलकोट नगरपालिकाको हटिया बजार, दुधिलाभाटी, आँगाखेतलगायतका बस्ती जोखिममा पर्ने हुँदा तटबन्धन गर्न थालिएको हो ।

जलस्रोत तथा सिँचाइ विकास विभागबाट विनियोजित रु ५० लाखको लगानीमा तटबन्धन गर्न थालिएको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकारी दिए । नदी कटान रोक्नका लागि चालु आर्थिक वर्षमा गलकोट नगरपालिका-१, ३, ६ र ११ का बस्ती संरक्षण गर्न थालिएको उनको भनाइ छ ।

तटबन्धनको लागि उपभोक्ता समितिमार्फत् काम तीव्र गतिमा भइरहेको भण्डारीले बताए । हिउँदमा पानीको बहाव कम हुँदा जोखिम नभए पनि बर्खामा खोला बढेर बस्तीमा पस्ने समस्या भएपछि तटबन्धन गर्न ताथिएको उनी बताउँछन् । गलकोट नगरको बजार क्षेत्र नदी किनारमा रहेको हुँदा कटान हुने जोखिम रहेको भण्डारीको भनाइ छ ।

प्रवक्ता भण्डारीले भने-"गलकोट क्षेत्रमा धेरै खोलानाला छन्, यी खोलाहरूले बर्खामा बस्तीनै जोखिममा पार्ने गरेका छन्, नगरपालिका, प्रदेश र केन्द्र सरकारको सहकार्यमा कटान रोक्नका लागि तटबन्धन गर्दै आएका छौँ, यस वर्ष पनि पचास लाखको लगानीमा तटबन्धनको काम धमाधम भइरहेको छ, तटबन्धनले बस्ती संरक्षण हुनेछ ।"



अहिले गलकोट नगरपालिका-३ मा ३५ मिटर, वडा नम्बर ४ मा २७ मिटर, वडा नम्बर ६ मा ५६ मिटर, वडा नम्बर ११ मा ४४ मिटर तटबन्धन निर्माण भइरहेको तटबन्धन निर्माण समितिका अध्यक्ष राजेन्द्र श्रेष्ठले जानकारी दिए । खोलाको उच्च जोखिम भएको ठाउँलाई प्राथमिकता दिएर तटबन्धनको काम गरिरहेको उनको भनाइ छ ।

# अन्तरविद्यालय महिला-शिक्षक हाजिरी जवाफ



देवदह । रुपन्देहीको देवदहमा अन्तरविद्यालय महिला शिक्षक हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ। देवदह नगरपालिकाले ११५औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा उक्त प्रतियोगिताको आयोजना गरेको हो ।

देवदह क्षेत्रका ३२ वटा विद्यालयको सहभागिता रहेको प्रतियोगितामा खड्ग माध्यमिक विद्यालय कमलाकुमारी शर्मा, पुष्पा पन्थी, कल्पना पोखरेलको समूह प्रथम भएको छ। प्रथम भएसँगै खड्ग माध्यमिक विद्यालयले नगद २० हजार, ट्रफी प्राप्त गरेको छ।

यसैगरी प्रतियोगितामा शान्तिप्रिय आधारभूत विद्यालयका जानुका लम्साल, दिपा बस्याल, हीरा चापागाईंको समूह द्वितीय हुँदै नगद १५ हजार, ट्रफी प्राप्त गरेको छ । त्यसैगरी युगज्योति माध्यमिक विद्यालयका पार्वती केसी, सविता पौडेल, कमला पाण्डेयको समूह तृतीय हुँदै नगद १० हजार र ट्रफी प्राप्त गरेको छ।

प्रतियोगिता दुई चरणमा गरिएको थियो । देवदह क्षेत्रका रहेका सामुदायिक तथा संस्थागत ३२ विद्यालयबाट दोश्रो चरणको लागि ८ वटा विद्यालय छनोटमा परेको थियो । प्रतियोगिताको फाइनल राउण्डमा प्रथमको लागि दुई वटा विद्यालय र तृतीयको लागि २ वटा विद्यालयको समान अंक भएपछि पुनः प्रश्न सोधिएपछि प्रथम, द्वितीय र तृतीय छुट्याइएको थियो ।

प्रतियोगिताको सहजीकरण शिक्षा शाखा अधिकृत पर्शुराम ढकालले गरेका थिए । देवदह नगरपालिकाका कार्यवहाक नगर प्रमुख विद्यालक्ष्मी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, देवदह-९, का वडाध्यक्ष मोहनबहादुर जिसी, नवप्रभात महिला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष निर्मला अधिकारी, युगज्योति माविका शिक्षिका शिला मल्ललगायतले आ-आफ्ना भनाइ राखेका थिए।

उप-प्रमुखसँग महिला कार्यक्रमका सदस्य कृष्णमाया रानाको स्वागत र महिला, बालबालिका शाखा प्रमुख ईन्दिरा भूषालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची

बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

मिति २०८१/११/२५

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं.CRM/ARG/NCB/W/05/081/82, Bhuskata -Bisauna-Dhikura Motorable Road Upgrading Works का लागि मिति २०८१/१०/२० गते पत्रिकामा प्रकाशित सूचना बमोजिम निर्धारित समय भित्र Online प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८१/११/२० मा खोली बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा मिति २०८१/११/२१ गते को मूल्याङ्कन समितिको सिफारिस तथा कार्यालयको मिति २०८१/११/२२ गतेको निर्णयानुसार नवचन्द कन्स्ट्रक्सन एण्ड सप्लायर्स., कालिगण्डकी-०४,गुल्मीले कबोल गरेको अङ्क(मू.अ.कर र पि.एस.समेत) रु.१९,५९,४०१.९९(अक्षरेपी उन्नाइस लाख उनान्साठी हजार चार सय एक रुपैयाँ पैसा उनान्सय)मात्रको बोलपत्र सिफारिस भइ स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

शिक्षक आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०८१/११/२५

यस श्री बुद्धज्योती आधारभूत विद्यालय रामग्राम १६ अमहवा पजरकट्ठी नवलपरासीमा वालबिकास कोटा ( स.का ) रिक्त रहन गएको अस्थायी करार शिक्षक पदपूर्तिको लागि रामग्राम नगरपालिकाको चं.नं. २९४१ को मिति २०८१/११/०८ गते प्राप्त भएको विज्ञापन अनुमति पत्र र वि.व्य.सको मिति २०८१/११/२१ गतेको निर्णय अनुसार तपसिलको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आवहान गरिन्छ।

**तपसिल**

१. **विज्ञापन नम्वर** : ०१–२०८१/ ०८२
२. **पद संख्याः** १
३. **किसिमः** वालबिकास अस्थाई करार
४. **शैक्षिक योग्यताः** कक्षा १० वा सो सरह उर्तीर्ण
५. **आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः**
– शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपीहरु
– नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
– हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
– निरोगिता प्रमाण पत्र
– हस्तलिखित निवेदन
६. **परीक्षाको किसिम** : लिखित, अन्तावार्ता र आवश्यकतानुसार प्रयोगात्मक समेत
७. **परीक्षाको विषयवस्तु** :शिक्षक सेबा आयोगको पाठ्यक्रम अनुसार
८. **उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
९. **तलब स्केलः** नेपाल सरकारले तोकेबमोजिम
१०. **परीक्षा दस्तुर** : रु १००००|–( एक हजार मात्र ) राष्टिय वाणिज्य बैक परासीको चल्ती खाता नं ३१ ००१००००३१०७००१ को जम्मा गरेको भौचर
११. **दरखास्त पेस गर्ने अन्तिम मिति** २०८१। १२। १० गते विद्यालय समय भित्र
१२. **दरखास्त दिने स्थानः**श्री बुद्धज्योती आधारभूत विद्यालय रामग्राम १६ अमहवा पजरकट्ठी नवलपरासी ( वसुप )
१३. **सम्पर्क मितिः** २०८१। १२। ११ गते विद्यालय समय भित्र ।
१४. **परीक्षाको मिति** : सम्पर्क मितिमा तोकिने छ ।
१५. **सम्पर्क नम्वरः** ९८५७०४५७८७

**नोटः १ , अन्तरवार्ताको दिन सक्कल प्रमाण पत्र लिई उपस्थित हुनु पर्ने छ।**
**२, भारतीय प्रमाणको हकमा समकक्षता निर्धारण गरेको पत्र हुनुपर्ने छ।**

श्री बुद्धज्योती आधारभूत विद्यालय
रामग्राम १६ अमहवा पजरकट्ठी, नवलपरासी

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२




**नारी सम्मान :**
११५औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा महिला रिक्सा चालक र महिला सरसफाइकर्मी गरी १४ जनालाई सिद्धार्थनगर नगरपालिकाले सम्मान गरेको छ। दिवसको अवसरमा नगरपारिक्रमासँगै १४ जनालाई सम्मान गरेको हो। सम्मानित हुने महिला रिक्सा चालक र महिला सरसफाइकर्मीहरूलाई प्रमाण पत्र र दोसल्लासहित एक बोरा चामलसहित खाद्यान्न प्रदान गरिएको हो।

*तस्विर : मोहम्मद हबिब/भैरहवा*

# महिला दौड प्रतियोगितामा प्रकृति र कल्पना प्रथम



बुटवल। बुटवल ११५औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला सशक्तिकरण, स्वास्थ्यका लागि खेल भन्ने नाराका साथ बुटवलमा शनिबार ५ किलोमिटर र २ किलोमिटर खुल्ला महिला दौड प्रतियोगिता सम्पन्न भएको छ। रेडियो मुक्ति बुटवलको आयोजना, कालिका स्वावलम्बन सामाजिक केन्द्र तथा सेतो गुराँस बालविकास सेवा रुपन्देहीको सह-आयोजना र बुटवल उप-महानगरपालिका, देवदह नगरपालिका, वित्तीय तथा सामाजिक संघसंस्था तथा विभिन्न क्लबहरुको सहकार्यमा प्रतियोगिता सम्पन्न भएको हो।

दौड प्रतियोगितामा कालिका मानवज्ञान माविकी प्रकृति घिमिरे २३ मिनेट २८ सेकेण्ड ३४ प्रतिसेकेण्डमा ५ किलोमिटर दुरी पार गर्दै प्रथम हुन सफल भएकी छन्। प्रथम घिमिरेले नगद १० हजार रुपैयाँ, मेडल र प्रमाणपत्र प्राप्त गरिन्। त्यस्तै मानवज्ञान माविकै कृति पराजुली २३ मिनेट ३९ सेकेण्ड १४ प्रतिसेकेण्डमा दुरी पार गरि द्वितीय भइन्। द्वितीय क्षेत्रीले ७ हजार रुपैयाँ नगद, मेडल र प्रमाणपत्र प्राप्त गरिन्।

त्यस्तै ज्ञानोदय माविकी इश्वरी बि. क. २४ मिनेट ३० सेकेण्ड ५० प्रतिसेकेण्डमा पाँच किलोमिटर दुरी पार गर्दै तृतीय हुन सफल भइन्। बुढाले नगद रु नगद ५ हजार, प्रमाणपत्र र मेडल प्राप्त गरिन्।

त्यस्तै २ किलो मिटर महिला दौड प्रतियोगिताअन्तर्गत बुटवल ९ की कल्पना बस्नेत ९ मिनेट ५९ सेकेण्ड १६ प्रतिसेकेण्डमा २ किलोमिटर दुरी पार गरी प्रथम हुन सफल भइन्। उनले नगद रु ५ हजार ५ सय रुपैयाँ र प्रमाणपत्र तथा मेडल प्राप्त गरिन्। ज्ञानोदय माविकी कल्पना पल्ली ९ मिनेट ५९ सेकेण्ड ८४ प्रतिसेकेण्डमा दुरी पार गर्दै द्वितीय हुन सफल भइन्। उनले नगद रु ४ हजार ५ सय प्रमाणपत्र तथा मेडल प्राप्त गरिन्। तिलोत्तमा ९ की रामकुमारी गाहा १० मिनेट ३४ सेकेण्ड ३५ प्रतिसेकेण्डमा दुरी पार गर्दै तेस्रो हुन सफल भइन्, उनले नगद रु ३ हजार रुपैयाँ मेडल र प्रमाणपत्र प्राप्त गरिन्।

विजयी प्रतियोगिलाई रेडियोका उपाध्यक्ष, महिला दौड कार्यक्रमका अध्यक्ष कविता अर्याल, बुटवल उप-महानगरपालिका वडा नम्बर ४ का अध्यक्ष नरिश्वर शर्मा पौडेल, समृद्धि हेयर ड्रेसिङ्ग शलुन बुटवलका सञ्चालक मोहन ठाकुर, उपहार सुज हाउसका सञ्चालक उमा देवकोटा, उत्तम देवकोटा, इनरव्हील डिष्ट्रिक ३५० का चेयर मेन आशा श्रेष्ठ, सफ्टी हाईजिन प्रालिका बजार अधिकृत विश्वास पोखरेल, कृष्णमाया कार्कीलगायतले पुरस्कार प्रदान गरेका थिए।

कार्यक्रममा सफ्टी हाइजिन प्रालि र उपहार सुज, समृद्धि हेयर ड्रेसिङ्ग शलुन बुटवल, पाथवे बुटवल अबोर्ड स्टडी प्रालिले बिजेता ६ जना र सबैभन्दा कम र सबैभन्दा बढी उमेरका खेलमा सहभागी महिलाहरुका लागि विशेष गिफ्ट ह्याम्पर प्रदान गरेका थिए।

प्रदेश प्रमुख कार्यालयबाट सुरु भएको ५ किलोमिटर दौड मिलनचोक हुँदै फाइनान्स पुगेर पुनः प्रदेश प्रमुख कार्यालयमा पुगेर समापन गरिएको थियो। भने २ किलोमिटर दौड प्रदेश प्रमुख कार्यालयबाट सुरु भई ट्राफिक चोक पुगेर पुनः प्रदेश प्रमुख कार्यालयमा आइ समापन भएको थियो।

कार्यक्रममा बुटवलका विद्यालय, सरकारी तथा गैरसरकारी संघसंस्था र महिला गरी ४५० जना महिलाको सहभागिता रहेको थियो। ५ किलोमिटर दौड प्रतियोगिताको एक कार्यक्रमकाबिच बुटवल उप-महानगरका नगरप्रमुख खेलराज पाण्डेयले उद्घाटन गरेका थिए। सो अवसरमा बोल्दै पाण्डेयले खेल क्षेत्रको प्रवर्द्धनका लागि बुटवलले विभिन्न खेल गतिविधि सञ्चालन गरिरहेको बताए। उनले महिलाको खेल क्षेत्रको विकाससँगै आर्थिक, सामाजिक सवलीकरणका लागि नगरले विभिन्न सीपमूलक कार्यक्रम अगाडि सारेको बताए।

२ किलोमिटर खुल्ला महिला दौड कार्यक्रम उद्घाटन गर्दै विशिष्ट अतिथि उप-प्रमुख सावित्रादेवी अर्यालले महिलाको आन्दोलनहरुले सफलताको मार्गमा अगाडि बढेको बताउँदै खेलमा पनि महिलालाई लगानी गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमले खेलाडीमा हौसला प्रदान हुने बताइन्। आर्थिक सशक्तीरकरणमा नगरले महिलामा लगानीको वातावरण स्थापना गरेको उनले बताइन्। उनले महिला दिवसका अवसरमा बुटवल उपमहानगर पालिकाले विभिन्न क्षेत्रमा सफल महिलाहरुलाई सम्मान गरिने बताइन्।

रेडियोका सचिव सविता निरौलाले महिला खेलाडी उत्पादनमा टेवा पुगोस् भन्ने उद्देश्यले दौड प्रतियोगिता आयोजना गरिएको बताइन्। निरौललो महलिाहरुको श्रमको सम्मानका लागि मनाउन सुरु गरिएको यो अभियानलाई सार्थक बनाउन रेडियाले विभिन्न तरिकाले कार्यक्रम आयोजना गर्दै आएको बताइन्।

कार्यक्रममा इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव निरीक्षक इन्द्रबहादुर राना, पत्रकार महासंघ रुपन्देहीका काबा अध्यक्ष विश्वास ढकाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष सुमन अधिकारी, खेल प्राविधिक प्रमुख मोहन घलेलगायतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन रेडियो मुक्तिका स्टेशन म्यानेजर कल्पना तिवारीले गरेकी थिइन्।

शनिबार ११५औं अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च ) 'महिला र बालिकाको लागिः अधिकार, समानता र सशक्तीकरण' भन्ने राष्ट्रिय नाराका साथ विभिन्न कार्यक्रम गरी विश्वभर एकैसाथ मनाइदैछ। रेडियो मुक्ति २०६५ सालमा स्थापना भएको महिलाहरु मात्रै आबद्ध भएको सञ्चार संस्था हो। बुटवल ४ मा स्टुडियो रहेको रेडियो दैनिक १७ घण्टा प्रसारण हुँदै आएको छ।

# वडा कार्यालयमा मौरीपालन व्यवसायको नयाँ अभ्यास



पाल्पा। घरका भित्ता, बार्दली, आँगनका डिल वा बारीका छेउछाउ, बगैंचा वरपर मौरीका घार राखिएका हुन्छन्। यसरी नै गाउँघरमा मौरीपालन गरिन्छ। घरका आँगन वरपर, बार्दली, पिँढी तथा भित्तामा पनि मौरीपालन गरेर किसानले राम्रै लाभ लिएका छन्। यी त आमनागरिकलाई देखेका, भोगेका र जानेका कुरा हुन्।

कार्यालयमा मौरीपालन व्यवसाय थालनी भने कतै भएको सुनिँदैन। पाल्पाको एक सरकारी कार्यालयले मौरीपालन अभ्यास सुरु गरेको छ। यहाँको बगनासकाली गाउँपालिकाको वडा नं. १ को कार्यालय चिर्तुङ्धारामा व्यावसायिक तवरबाट मौरीपालन थालनी भएको छ। वडा कार्यालयको परिसरमा लहरै मौरीका घार राखिएका छन्। कार्यालयमा पुग्ने सेवाग्राही तथा सर्वसाधारण एवं जोकोहीलाई पनि मौरीफार्ममा पुगेको अनुभूति हुन्छ। कार्यालय परिसरमा लहरै राखिएका मौरीका घारले सेवाग्राही तथा यहाँ पुग्ने जोसुकैले मौरीपालनसम्बन्धी केही न केही नयाँ ज्ञानार्जन लिने गरेका छन्।

कार्यालयमा मौरीपालन देखेपछि नागरिकले मौरीपालनसम्बन्धी चासो दिएर जानकारी लिने गरेको कृषि प्राविधिक खिमराज कोइराला बताउँछन्। सानो लगानीमा घरमा दुई चार घार राखेर व्यवसाय अगाडि बढाउन सकिने, धेरै मेहनत गर्न नपर्ने हुँदा किसानलाई व्यवसायउन्मुख बनाउनका लागि वडा कार्यालयबाटै मौरीपालन व्यवसाय सञ्चालन गरिएको प्राविधिक कोइरालाले जानकारी दिए।

"किसानमात्र नभएर आमगरिकमा एउटा सकारात्मक सन्देश प्रवाह गरेको छ, वडा कार्यालयमा आउने सेवाग्राहीले मौरीपालन गर्ने तरिका, लागत, उत्पादन, बजारीकरणसम्बन्धी जानकारी लिने गर्नुहुन्छ", उनले भने-"हामीले पनि यहाँ आउनेलाई मौरीपालनसम्बन्धी जानकारी दिने गरिरहेका छौं, कार्यालयमा काम सम्पन्न नहुँदासम्म मौरीपालनको तरिका सिक्न सेवाग्राही इच्छुक हुने गर्नुभएको छ।"

वडा कार्यालयको काममा पालो पर्खेर बस्ने समय अहिले मौरीपालनबारे जानकारी लिन सेवाग्राही सक्रिय भएका छन्। कार्यालयमा नयाँ कुराको थालनी भएकाले पनि यस बारेमा धेरैको चासो बढेको छ। वडा कार्यालयको लगानीमा दशवटा आधुनिक घारमा मौरीपालन सुरु गरिएको वडाध्यक्ष शेरबहादुर चिदी बताउँछन्। नयाँ अभ्यास भएकाले यसबाट किसानले केही सिकेर घरमा व्यवसाय गर्न उर्जा मिलोस् भनेर सुरु गरेको वडाध्यक्ष चिदीले बताए।

"कार्यालयमा सेवा लिन आउने किसान तथा सेवाग्राहीलाई मध्यनजर गर्दै मौरीपालन सम्बन्धमा जनचेतना जगाउन यो नयाँ अभ्यासको थालनी गरेका छौं", वडाध्यक्ष चिदीले भने-"कृषिमा नागरिकको आकर्षण बढाउन र व्यावसायिक ढङ्गबाट व्यवसाय गर्न उत्प्रेरणा जगाउन कार्यालयले मौरीपालन सुरु गरेको हो, यस व्यवसाय थालनी भएपछि सबैतिरबाट सकारात्मक प्रतिक्रिया पाएको छु।"

सेवाग्राहीलाई वडा कार्यालयमा पनि मौरीपालन छ भन्ने अनुभूति गराउँदै घरघरमा मौरीपालनमा लाग्न प्रेरणा प्रदान गर्नका लागि कार्यालयमा व्यावसायिक ढङ्गबाट मौरीपालन गरिएको छ। कार्यालय क्षेत्रमा सेरेना मौरीपालन कार्यक्रमअन्तर्गत मौरीपालनलाई जोड दिँदै नयाँ कार्यको अभ्यास भएको छ। वडामा उत्कृष्ट किसानलाई मौरीपालनका लागि वडा कार्यालयबाट गोलासहितको घार वितरण गर्ने वडाको योजना छ।

अहिले कार्यालयमा मौरीपालनको परीक्षणकाल भएकाले व्यवसाय राम्रो हुँदै गएमा थप गर्दै जाने वडाले जनाएको छ। यो कार्य सम्भवतः नेपालमै नयाँ कार्यको सुरुवात हो। वडा कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को रु ९० हजार बजेटबाट काम सुरु गरेको छ। व्यवसाय गर्न चाहने हो भने सानो रकमले पनि सञ्चालन गर्न सकिन्छ भन्ने यस वडाले उदाहरण प्रस्तुत गरेको छ।

सिद्धार्थ राजमार्गसँग जोडिएकाले पनि मौरीको अध्ययन अवलोकन भ्रमणका लागि देशका पूर्वदेखि पश्चिमसम्मका किसान बगनासकाली आउने गरेको कृषि शाखा प्रमुख किशोरकुमार खत्रीले बताए। "मौरीपालनबाट यहाँका किसानले राम्रो आयआर्जन गर्न सफल बनेका छन्, हामीले मौरीपालनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौं, सडकमार्ग जोडिएकाले पनि यो क्षेत्र बजारीकरणका लागि सहज छ।"-उनले भने।

पाल्पा जिल्लामै बगनासकाली गाउँपालिका मौरीपालनको सम्भावना बोकेको क्षेत्र हो। यहाँबाट अन्य जिल्लामा गोलासहितको मौरीघार पठाइन्छ। गाउँपालिकामा एक दर्जनभन्दा बढी किसान व्यावसायिक मौरीपालनमा आबद्ध छन्। यहाँका किसानले मह उत्पादनभन्दा गोला बिक्रीमा जोड दिएका छन्। गोलासहित रु आठ हजार पाँच सयमा मौरीघार बिक्री भइरहेको छ। एक दुई घारदेखि धेरैमा एक हजार तीन सय घारसम्म मौरीपालन गर्ने गरेको पाइन्छ।

किसानले स-सानो लगानीमा थोरै-थोरै मौरीपालन गरेर मह उत्पादन तथा गोलासहित घार बिक्रीबाट आयस्रोत लिने गरेका छन्। मध्यपहाडी क्षेत्रमा सेरेना जातको मौरीपालनको सम्भाव्यता भएको हुँदा पाल्पा जिल्लाको बगनासकाली गाउँपालिकाभित्र व्यावसायिक रूपमा मौरीपालन भइरहेको छ। व्यावसायिक किसानले महमा भन्दा पनि गोला बिक्रीमा जोड दिएका छन्। तोरी, तोरीका फूल, जङ्गली बोट बिरूवाबाट पुष्प सङ्कलन गरेर मौरीले आहार व्यवस्थापन गरिरहेको छ।

# कुलमानलाई हटाउनु ठीक हैन : गगन



बुटवल। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांग्रेसबाटै ऊर्जामन्त्री भएका दीपक खड्कालाई नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने काममा नलाग्न सुझाव दिएका छन्।

शनिबार सिन्धुलीमा आयोजित पार्टीको कार्यक्रमलाई सम्बोधन गर्दै थापाले एक व्यक्तिविरुद्ध सरकार नै लागेको जस्तो देखिएकोले त्यस्ता काममा नलाग्न खड्कालाई निर्देशन दिएका हुन्।

'अहिले हामी सुनिरहेका छौं, ऊर्जा मन्त्रालयको कुरा, मन्त्रालयअन्तर्गत विद्युत् प्राधिकरण छ, मैले बुझ्न सकेको छैन, बदनियत हो कि ढंग नपुगेको हो,' उनले भने-'तीन-चार महिनामा सेवा निवृत्त हुने एउटा व्यक्तिपछि सरकार नै लागेको देखिन्छ, यस्ता कुरा ठिक होइन, यस्तो, नचाहिने काममा कोही पनि मन्त्रीहरू लाग्नु हुँदैन।'

थापाले सेवा निवृत्त भएपछि उक्त ठाउँमा उपयुक्त व्यक्तिलाई ल्याएर संस्थाको जिम्मा दिन पनि खड्कालाई सुझाए।

मन्त्रीहरूले नचाहिने काम गर्दा सच्याउने जिम्मेवारी प्रधानमन्त्री केपी शर्मा ओलीको भएको थापाको भनाइ छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com